यहाँलाई थाहा छ? देशले दिने अध्यापन शुल्क अनुदान

# "उच्च माध्यमिक विद्यालय आदिका भर्ना टेवा रकम"

こうとうがっこう とう しゅうがく しえんきん
高等学校等就学支援金
【ネパール語翻訳版】



## १."उच्च माध्यमिक विद्यालय आदिका भर्ना टेवा रकम" प्रणाली भन्नाले,

घरबारको स्थितिको परवाह बिनानै, इच्छा भएका उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीले निर्धक्क संग अध्ययनमा लागिपर्ने समाज सिर्जना गर्नका लागि, विद्यार्थीलाई, अध्यापन शुल्क भरण गर्नुपर्ने "उच्च माध्यमिक विद्यालय आदिका भर्ना टेवा रकम" भुक्तानी गरि, घरबारको शैक्षिक खर्चको बोझ हलुका गर्ने प्रणाली हो। यो चुक्ता गर्न नपर्ने हन्छ।

## २. यसमा पर्न आउने विद्यालय

राष्ट्रिय या सार्वजनिक या निजीले फरक नपर्ने



- ・उच्च माध्यमिक विद्यालय
- ・माध्यमिक शिक्षा विद्यालय पछिल्ला चरणका पाठ्यक्रम
- ・विशेष टेवाका उच्च माध्यमिक विद्यालय शाखा
- ・उच्च पेशागत विद्यालय (१ वर्षिय देखि ३ वर्षिय)
- ・उन्नत व्यावसायिक विद्यालय उच्च माध्यमिक विद्यालय पाठ्यक्रम
- ・"राष्ट्रिय दक्ष व्यक्तित्व प्रशिक्षण पाठ्यक्रम"मा निर्दिष्ट उन्नत व्यावसायिक विद्यालयको सामान्य पाठ्यक्रम या विभिन्न विद्यालयमा पर्न आउनमा ① व्यावहारिक नर्स, ② कुक, ③ मिठाई निर्माण एवंम स्वस्थता सम्बन्धीका हलवाई, ④ हजाम, ⑤ ब्यूटिशियन जस्ता "राष्ट्रिय दक्ष व्यक्तित्व प्रशिक्षण पाठ्यक्रम" ले निर्दिष्ट गर्ने व्यक्ति
- ・शिक्षा मन्त्रीद्वारा निर्दिष्ट विदेशी विद्यालय

## ३. भुक्तानी विधि

"विद्यालय भर्ना टेवा रकम", विद्यालय संस्थापक (विद्यालय संघ आदि) ले विद्यार्थी स्वयंको सट्टामा प्राप्त गरि अध्यापन शुल्कसँग प्रतिसन्तुलन गरिन्छ। विद्यार्थी या संरक्षकले प्रत्यक्ष प्राप्त गर्ने भने होइन। अध्यापन शुल्क र "विद्यालय भर्ना टेवा रकम" बीचको अन्तर रकम सम्बन्धमा भने, वहन गर्नु आवश्यक हुन्छ। (विद्यालय अनुसार, एक पटक अध्यापन शुल्क भुक्तान गरेर, पछि "विद्यालय भर्ना टेवा रकम" बराबरको रकम प्राप्त गर्ने अवस्था पनि हुनसक्छ)




## ४. प्राप्त गर्नको लागि आवश्यक प्रक्रिया

# आवेदन नदिएमा टेवा प्राप्त गर्न सकिँदैन

### (१) आवेदन प्रक्रिया (अप्रिल महिनाको भर्ना समय)

(१)आवेदन फारम (भर्ना हुन जाने उच्च माध्यमिक विद्यालयमा वितरण गरिन्छ)
(२)कर लागू प्रमाण पत्र (स्थानीय सरकारी कार्यालय आदिबाट प्राप्त गर्न सकिन्छ) लगायतका संरक्षकको आय प्रमाणित गर्ने कागजात (स्थानीयवासी कर आय दर राशि थाहा हुने कागजात) स्वरूप, क्षेत्रले तोकेको कागजात

### (२) दर्ता निवेदन प्रक्रिया (हरेक वर्ष जुन महिना देखि जुलाई महिना सम्म तिर)

(१)दर्ता निवेदन पत्र ( भर्ना हुन जाने उच्च माध्यमिक विद्यालयमा वितरण गरिन्छ )
(२) कर लागू प्रमाणपत्र आदि
(१)र (२) उच्च माध्यमिक विद्यालयमा पेस गरि, प्रमाणीकरण भएमा "विद्यालय भर्ना टेवा रकम" प्राप्त गर्न सकिन्छ।

*(२) सिद्धान्ततः अभिभावकको अधिकार प्राप्त (उदाहरणः बुवाआमा भएको अवस्थामा, बुवा र आमा दुबै) सबै जनाको आवश्यक पर्छ।
*अन्य, क्षेत्रपिच्छे आवश्यक कागजात तोकिएको हुन सक्छ।




*१ आर्थिक वर्ष २०१५ मा पेस गर्न भएमा, आर्थिक वर्ष २०१४ को कर लागू प्रमाणपत्र आदि
*२ आर्थिक वर्ष २०१५ मा पेस गर्न भएमा, आर्थिक वर्ष २०१५ को कर लागू प्रमाणपत्र आदि

“स्थानीयवासी कर आय दर” भन्नाले, बसोवास करको कर राशि मध्येको एक भइ, आय अनुसारको कर लागू गरिन्छ।

## ५ कति रकम पाइन्छ?

| स्थानीयवासी कर आय दर राशि (अभिभावकको कुल रकम) | भुक्तान रकम (पूर्ण कालीन ｜ वार्षिक रकम) |
|---|---|
| ३ लाख ४ हजार २ सय येन भन्दा कम(वार्षिक आय ५९ लाख देखि ९१ लाख येन भन्दा कम जति) | १ लाख १८ हजार ८ सय येन |
| १ लाख ५४ हजार ५ सय येन भन्दा कम(वार्षिक आय ३५ लाख देखि ५९ लाख येन भन्दा कम जति) | १ लाख ७८ हजार २ सय येन |
| ५१ हजार ३ सय येन भन्दा कम (वार्षिक आय २५ लाख देखि ३५ लाख येन भन्दा कम जति) | २ लाख ३७ हजार ६ सय येन |
| शुन्ना येन (कर छुट) (वार्षिक आय २५ लाख येन भन्दा कम जति) | २ लाख ९७ हजार सय येन |

सार्वजानिक　निजी

* स्थानीयवासी कर आय दर राशि ३ लाख ४ हजार २ सय भन्दा बढि भएको अवस्थामा, अध्यापन शुल्कको पूर्ण रकम वहन गराइने।
*अध्यापन शुल्क र “विद्यालय भर्ना टेवा रकम”को अन्तर रकम वहन गराइने।
*निर्धारित समय प्रणाली ｜ सञ्चार प्रणाली भएमा भुक्तानी रकम फरक पर्नेछ।

## ६. कसको कर लागू प्रमाणपत्र पेस गर्ने?




* अभिभावकको अधिकार प्राप्त व्यक्ति मध्ये एकको कर लागू प्रमाणपत्र पेस गर्ने कार्य, घरेलु हिंसा आदिको कारणले कठिन भन्ने मान्य भएमा, त्यस अभिभावकको अधिकार प्राप्त व्यक्तिको भागको पेस भने आवश्यक नहुने। त्यस्तो बखतमा विद्यालय ｜ क्षेत्रमा परामर्श गर्नुहोला।

## ७.कर लागू प्रमाणपत्र भनेको के?(स्थानीय कार्यालय अनुसार ढाँचा फरक पर्छ)




क्षेत्रवासी कर या समान दर समावेश हुँदैन। टोकियोको विशिष्ट २३ वटा वडामा बस्ने व्यक्तिले, वडावासी करको आय दर हेर्नुहोला।

◆स्थानीयवासी कर आय दर राशिलाई निम्न कागजातबाट पुष्टि गर्न सकिन्छ।

○कर लागू प्रमाणपत्र (स्थानीय सरकारी कार्यालयबाट जारी)

○स्थानीयवासी कर ｜ प्रान्तवासी कर आदिका “विशिष्ट संकलित कर राशि निर्णय र परिवर्तनको सूचना पत्र” (कार्यस्थल भएर वितरण। हरेक वर्ष जुन महिना तिर वितरण गरिने भएकाले, सुरक्षित साथ राख्नुहोला)

○ “बसोवास कर भुक्तानी सूचना पत्र” (निजी व्यवसायीको हकमा स्थानीय कार्यालयबाट पठाउने)

◆करको घोषणा नगरि, कर लागू प्रमाणपत्र जारी नगरिएको अवस्थामा, पहिला घोषणा गर्नुहोला।

■क्षेत्रबाट, भर्ना टेवा रकमको सट्टामा, आय अनुसार एकल रूपमा अध्यापन शुल्क न्यूनिकरण गरेको हुन सक्छ। प्रत्येक क्षेत्रको सम्पर्क स्थल, निम्नानुसार शिक्षा मन्त्रालयको होम पेजमा प्रकाशित गरिएको छ।


सम्पर्क स्थल:शिक्षा मन्त्रालय उच्च माध्यमिक विद्यालय प्रशिक्षण टेवा हटलाईन (कार्यालय समय १० बजे देखि १७ बजे ) फोन नं ०३-६७३४-३१७६

होम पेज: : http://www.mext.go.jp/a_menu/shotou/mushouka/index.htm



यस पुस्तिका शिक्षा मन्त्रालयको अनुमति लिएर गैर नाफा मूलक संगठन बहुसाँस्कृतिक सहजीवनयापन शिक्षा नेटवर्क खानागावा द्वारा मूल वाक्य जस्ताको तस्तै अनुवाद गरिएको हो।


文部科学省　就学支援金　検索

文部科学省 MINISTRY OF EDUCATION, CULTURE, SPORTS, SCIENCE AND TECHNOLOGY-JAPAN